ZURICH



# बाढी प्रकोपको कृत्रिम घटना अभ्यास

PRACTICAL ACTION
Technology challenging poverty

© प्राक्टिकल एक्शन २०१६

आई.एस.बि.एन: ९७८–९९३७–८७२०–८–९
फोटोः प्राक्टिकल एक्शन

यो प्रकाशन जुरिच इन्सुरेन्स कम्पनीको आर्थिक सहयोगमा प्रकाशित भएको हो । यसमा प्रकाशित सामग्रीले जुरिच इन्सुरेन्सको विचारलाई प्रतिबिम्वित गर्दैन ।

प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्रि वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।

# प्राक्कथन

जलजन्य प्रकोप जोखिमको दृष्टिकोणले विश्वको ३० औं स्थानमा रहेको नेपालमा हरेक वर्ष बाढीले ४०० भन्दा बढीको ज्यान लिनुका साथै ठूलो धनजनको क्षति पुऱ्याई रहेको छ । नेपाल जस्ता भौगोलिक अवस्था भएका विभिन्न मुलुकका सङ्कटासन्न (जोखिममा रहेका) समुदायले यस्ता समस्याहरू भोगिरहेका छन् ।

यदि समुदायले बाढी आउन अगावै सो सम्बन्धि सूचना प्राप्त गर्न सके र बचाउका उपायहरू अपनाए भने मानवीय तथा धनसम्पत्तीको क्षति न्यूनिकरण गर्न सकिन्छ । यसले महत्वपूर्ण कागजपत्र, सामान तथा पशुचौपायाहरू सुरक्षित राख्न मद्दत पुग्छ । पूर्वसूचना र तयारीले प्रकोप क्षतिमा र मृत्यु संख्यामा उल्लेख्य कमी गर्न सकिएका सफलताका उदाहरणहरू छन् । बाढी पूर्वसूचना मार्फत जनधनको रक्षा गर्ने र क्षति कम गर्ने भन्ने अभिप्रायका साथ प्राक्टिकल एक्शनको प्रयासमा सन् २००२ देखि नेपालमा बाढी पूर्वसूचना प्रणालीको शुरुवात भएको हो ।

यस पुस्तिकामा बाढीको पूर्वसूचना प्रणाली अन्तर्गत विभिन्न समुदायहरूमा हुने गरेका अभ्यास र अनुभवहरूका आधारमा बाढीबाट बच्न गरिने कृत्रिम घटना अभ्यासका बारेमा उल्लेख गरिएको छ । साथै विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत नेपाल रेडक्रस सोसाईटी लगायतका सरकारी तथा गैरसरकारी संस्थाहरू सँग सहकार्य गरी गरिएका कृत्रिम अभ्यासहरूका सिकाई र अनुभवलाई समेत यस पुस्तिकामा समावेश गरिएको छ । यो पुस्तिका मुलतः बाढीको विपद् जोखिम न्युनिकरणमा समुदाय तहमा कार्यरत सहजकर्ता, स्थानीय अगुवा, सामाजसेवक, पूर्वसूचना प्रणाली सञ्चालनमा संलग्न सरोकारवाला र विपद् व्यवस्थापनमा समुदायको क्षमता अभिबृद्धि गर्न काम गर्ने व्यक्ति वा संस्थाहरूलाई उपयोगी हुनेछ ।

यस पुस्तिकाको अवधारणा तथा प्रकाशन सामग्री तयार पार्नु हुने प्राक्टिकल एक्शनका लोकनारायण पोखेल, दिनानाथ भण्डारी, बुद्धिराम कुमाल, रुपेन्द्र बस्नेत, बुद्धि पौड्याल र पुनरावलोकन गर्नुहुने गेहेन्द्र गुरुङ, र आइएफआरसीका खेमराज नेपाललाई विशेष धन्यवाद दिन चाहन्छु । साथै पुस्तिका सम्पादन तथा प्रकाशनमा सहयोग गर्नहुने स्वर्णिमा श्रेष्ठ र उपेन्द्र श्रेष्ठलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा, यस पुस्तिकाले समुदायको उत्थानशील क्षमता बढाउन समय सन्दर्भ, समुदायको प्रकोप, सङ्कटासन्नताको अवस्था र उपलब्ध साधन, श्रोत र प्रविधि अनुसार कृत्रिम घटना अभ्यासका विधि र प्रकृयाहरू परिमार्जन गर्न सहयोग पुग्नेछ भन्ने अपेक्षा लिएको छु ।

धन्यवाद
अच्युत लुईटेल
क्षेत्रिय निर्देशक

# विषय-सूचि

**कृत्रिम घटना अभ्यास के हो ?** **६**
**कृत्रिम घटना अभ्यास के का लागि ?** **८**
**आवश्यक संरचनात्मकतथा संस्थागतपूर्वाधार** **१०**
- कृत्रिम घटना अभ्यासका चरणहरू १२
- कृत्रिम घटना अभ्यासको तयारी १२

**घटना अभ्यास सम्पन्नगरिने चरणहरू** **१६**
**अनुगमन, पुनरावलोकन र परिमार्जन** **२८**

**अनुसूचि** **३२**
अनुसूचि १ - समुदायमा बाढी पूर्व सूचना प्रणालीको कृत्रिम घटना अभ्यासमा आवश्यक श्रोत, साधन, सामग्री
अनुसूचि २ - बाढी पूर्व सूचनामा आधारित कृत्रिम घटना अभ्यासको परिदृश्य



# कृत्रिम घटना अभ्यास के हो ?

काल्पनिक प्रकोप घटनाको परिस्थिति सिर्जना गरि वास्तविक घटना हुँदा अवलम्बन गरिनु पर्ने विधि र प्रक्रियासम्मत् कृयाकलापहरू गरेर प्रकोपको सामना गर्ने क्षमताको अभ्यासलाई कृत्रिम घटना अभ्यास भनिन्छ ।

यँहा उल्लेख गरिएको कृत्रिम घटना अभ्यास पूर्णतः बाढी पूर्वसूचना प्रणालीमा आधारित छ । बाढी प्रकोप वा बाढी प्रकोपजन्य घटनाका सम्भावनाहरू निरन्तर अनुगमन गरि सो प्रकोपको घटना हुनु अगावै त्यस प्रकोपबाट हुनसक्ने सम्भावित हानी नोक्सानी समुदायलाई जानकारी गराई बाढीको जोखिमबाट बच्न–बचाउन गरिने विधिसम्मत् प्रकृया र कामहरूलाई बाढी पूर्वसूचना प्रणाली भनिन्छ । बाढी पूर्वसूचना प्रणालीमा मूख्यतयाः चार अन्तरसम्बन्धित भागहरू हुन्छन् ।
(१) बाढीको जोखिमको ज्ञान,
(२) प्रकोप जोखिमको अनुगमन,
(३) सञ्चार र प्रचार-प्रसार, र
(४) प्रतिकार्य

समुदायमा वास्तविक प्रकोपको घटना घटेमा यी सबै भागहरूमा गरिने कामहरू व्यवस्थित रुपमा हुनसक्छन् कि सक्दैनन् र विपद् व्यवस्थापनमा संलग्न विभिन्न सरोकारवाला तथा समुदायले समन्वयात्मक रुपमा के, कसरी पूर्वसूचनाको प्रयोग गरि बाढीबाट बच्ने उपायहरू अवलम्वन गर्ने भनेर कृत्रिम घटना अभ्यास गरिन्छ ।

यो कृत्रिम घटना अभ्यास बाढी प्रभावित समुदायमा गर्नुपर्छ जहाँ बाढी आउनु भन्दा पहिले नै समुदायले बाढी आउदै गरेको सूचना प्राप्त गरि कसरी बचावटका उपायहरू अपनाउन सकिन्छ भन्ने ज्ञान तथा सीप प्राप्त गर्न सक्छन् । बाढी अनुगमन गरि खबर गर्ने ठाउँबाट कुनै समुदायमा पुग्न बाढीलाई लाग्ने समय (Lead time) भन्दा त्यो बाढी आउदै गरेको खबर पाएपछि समुदायलाई सुरक्षित स्थानमा पुग्न लाग्ने समय (Lag time) कम हुनुपर्दछ । अर्थात् बाढी गाउँठाउँमा पुग्नु अगावै समुदाय सुरक्षित स्थलमा पुग्नु पर्छ । कृत्रिम घटना अभ्यास काल्पनिक जस्तै देखिन्छ तर यसमा सहभागी हुने सबै व्यक्ति तथा समूह र संस्थाहरू वास्तविक हुन्छन् र वास्तविक घटना भइरहने वा हुनसक्ने समुदायमा यो अभ्यास गरिन्छ ।



# कृत्रिम घटना अभ्यास के का लागि ?

कृत्रिम घटना अभ्यास पूर्वसूचना प्रणाली अन्तरगत बाढी जोखिम न्यूनिकरण गर्ने महत्वपूर्ण अभ्यास हो । यसबाट सम्बन्धित समुदाय र मानवीय सहायताका क्षेत्रमा कार्यरत निकाय, संघ-संस्थाहरूको सीप, क्षमता, सचेतना बढ्नमा सहयोग पुगी प्रकोपको सामना गर्ने क्षमता बढ्दछ ।

## कृत्रिम घटना अभ्यासका उद्देश्यहरू

- पूर्वसूचना प्रणालीको उपयोग गरि बाढीको क्षतिबाट बच्न–बचाउन विभिन्न सरोकारवालाहरू र जोखिममा रहेका समुदायको आपसी समन्वयात्मक कार्यहरूको अभ्यास गरि सीप र क्षमता विकास गर्ने ।
- समुदायमा वास्तविक बाढी आउँदा गर्नुपर्ने कार्यहरू र अपनाउनुपर्ने सावधानीका बारेमा अभ्यास र परिक्षण गर्ने ।
- बाढीबाट समुदायमा हुन सक्ने धनजनको क्षती कम गर्ने ।

## कृत्रिम घटना अभ्यासका अपेक्षित प्रतिफलहरू

- बाढी जोखिमको अनुगमन गरि समुदायलाई त्यसको खबर गर्ने जिम्मेवारी भएका व्यक्ति एवं निकायहरू (विपद् व्यवस्थापन समिति, कार्यदल र स्वयंसेवक) बाढीको पूर्वसूचना (चेतावानी स्तर र खतरा स्तरको जानकारी) कसरी लिने-दिने विषयमा प्रष्ट भई पूर्वसूचना संप्रेषण प्रणालीको बारेमा पूर्ण जानकारी हुनेछ ।
- सरोकारवालाहरू बीच आपसी समन्वय गरि बाढीको प्रतिकार्य (Reponse) गर्ने क्षमताको विकास हुनेछ ।
- बाढी आउन लागेको खबर बाढी अनुगमन गर्ने केन्द्र वा नदिको माथिल्लो तटीय क्षेत्रमा रहेका समुदाय वा सुरक्षा निकाय, रेडक्रस, रेडियो जस्ता सम्बन्धित जानकारीका श्रोतबाट पाएपछि समुदायलाई सुरक्षित स्थानमा पुग्न कति समय (Lag time) लाग्छ, अर्थात् त्यो बाढी गाउँ–ठाउँमा आउनु भन्दा कति समय अगावै समुदाय सुरक्षित स्थानमा पुग्न सक्छन् भनेर परिक्षण भएको हुनेछ ।
- सुरक्षित स्थानमा जाने बाटोहरूको परिक्षण हुनेछ र आवश्यक सुधार/परिमार्जन गर्न सघाउ पुग्नेछ ।
- समुदायलाई आवश्यक पर्ने आश्रयस्थल, सञ्चार साधन, सम्बन्धित विषयमा दक्ष स्वयंसेवकहरू, उद्धार सामग्री आदि के–कति परिमाणमा आवश्यक पर्दछन् भन्ने जानकारी भई प्रतिकार्य क्षमतामा सुधार गर्न सघाउ पुग्नेछ ।
- सहायता आवश्यक भएकालाई कसरी सहयोग गर्ने, महत्वपूर्ण सरसामानहरू व्यवस्थित कसरी गर्ने र पशुचौपायालाई सुरक्षित स्थानमा लैजाँदा के गर्ने भन्ने कुरामा समुदाय सचेत हुनेछ ।



# आवश्यक संरचनात्मक तथा संस्थागत पूर्वाधार

कृत्रिम घटना अभ्यास गर्न प्रकोप (बाढी) पूर्वसूचना प्रणालीको स्थापना गरिएको हुनुपर्छ। बाढी पूर्वसूचना प्रणाली स्थापना गर्न मुख्यतया तलका अवस्था पुरा भएको हुनुपर्दछ।

१ नदि/खोलामा आउने विभिन्न स्तरको बाढीबाट समुदायमा हुनसक्ने सम्भावित धनजनको क्षति, बाढी अनुगमन केन्द्र (विशेष गरि वर्षा र जलमापन केन्द्र) बाट समुदायमा पुग्न त्यो नदिको बाढीलाई लाग्ने समय (Lead time), नदिको तल्लो तटका विभिन्न समुदायका लागि निर्धारण गरिएको चेतावनी एवं खतरा स्तरको बारेमा सम्बन्धित समुदाय तथा सरोकारवालाहरूलाई जानकारी भएको हुनुपर्छ। यस बाहेक पनि वर्षाको समयमा समुदायले बाढीको अनुगमन र प्रक्षेपण निरन्तर गर्नुपर्दछ।

२ नेपालमा वर्षाको पूर्वानुमान एवं बाढी जोखिम अनुगमन प्रणालीको स्थापना र सञ्चालनको जिम्मेवारी जल तथा मौसम विज्ञान विभागमा रहेको छ। बाढी, वर्षाको जोखिम अनुगमन गर्न आवश्यक उपकरणहरू र दक्ष जनशक्ति उपलब्ध हुनुपर्दछ। अहिले विभिन्न खोला, नदिहरूमा बाढीको अनुगमन जल तथा मौसम विज्ञान विभागले स्थापना गरेको गेज स्टेशनमा जडान गरिएका उपरकणहरू र त्यहाँ खटिएका कर्मचारीबाट भैरहेको छ। यस्तो अनुगमन कार्य २४ सै घण्टा भैरहेको हुनुपर्दछ।

३ बाढीको जोखिमबारे सङ्कटासन्न समुदायलाई समयमा नै जानकारी गराउन बाढी अनुगमन गर्ने केन्द्र/निकाय देखि सङ्कटासन्न समुदायसम्म प्रभावकारी सञ्चार प्रणालीको स्थापना गर्नुपर्दछ। यसका लागि सञ्चारका भरपर्दो साधनहरू, दक्ष र प्रतिबद्ध जनशक्तिको आवश्यकता पर्दछ। सामान्यतया बाढी अनुगमन गर्ने स्टेशनमा जब बाढी सजग, चेतावनी तथा खतराको स्तरमा पुग्दछ, तब सोको खबर विभिन्न सञ्चार माध्यमहरूबाट तल्लो तटीय क्षेत्रमा रहेका समुदाय र विभिन्न तहका सरोकारवालालाई दिईन्छ। बाढीको खबर सम्बन्धित समुदायका सम्पर्क व्यक्तिसम्म पुगेपछि त्यहाँबाट समुदाय भित्र, घर-घर, व्यक्ति-व्यक्तिमा पुर्‍याउन समुदायमा रहेको पूर्वसूचना कार्यदल परिचालित हुन्छ। कार्यदलका तालिम प्राप्त स्वयंसेवकहरूले हातेसाईरन बजाउने, हातेमाईकबाट जानकारी गराउने, घरदैलोमा पुगी व्यक्तिलाई भेटेर बाढीको सूचना दिने काम गर्दछन्।

नेपालमा बाढी पूर्वसूचना सञ्चारमा जल तथा मौसम विज्ञान विभाग, विपद् व्यवस्थापन गर्ने सरकारी निकायहरु (आपत्कालिन कार्य सञ्चालन केन्द्रहरु, सुरक्षा निकायहरु), दूरसञ्चार (टेलिफोन, ईन्टरनेट) सम्बन्धि संस्थाहरु, रेडियो, टिभी जस्ता सञ्चार, विपद् व्यवस्थापनमा सहयोग गर्ने गैरसरकारी संघसंस्थाहरु, विपद् व्यवस्थापन समिति, विभिन्न क्षेत्रका कार्यदलहरु र समुदायको अहम् भूमिका रहेको हुन्छ। यी सबै निकायहरुको आपसी समन्वय र प्रभावकारीता सुनिश्चित गर्न एक चुनौति पनि हो।



४ बाढी जोखिमको सूचना पाए पछि सोहि अनुसार बचावटका काम गर्नसक्ने गरि समुदायमा निम्न संरचनात्मक तथा गैर-संरचनात्मक संरचनाहरू हुनुपर्दछ ।

(क) सङ्कटासन्न समुदायलाई सहयोग गर्न गाउँ विकास समिति (गाविस)/ नगरपालिका (नपा) र समुदायमा विपद् व्यवस्थापन समितिहरूको गठन, विभिन्न जिम्मेवारी सहितका कार्यदलहरूको गठन जस्तै पूर्वसूचना कार्यदल, खोज तथा उद्धार कार्यदल, प्राथमिक उपचार कार्यदल आदि स्वयंसेवी टोलीहरूको गठन,

(ख) समिति, कार्यदलहरू र स्वयंसेवी टोलीहरूलाई आवश्यक तालिम,

(ग) सूचना संप्रेषण र खोज/उद्धार सम्बन्धि श्रोत-साधन औजारहरूको व्यवस्था, र

(घ) सुरक्षित आश्रयस्थल र आवागमनको व्यवस्था भएको हुनुपर्दछ ।

# कृत्रिम घटना अभ्यासका चरणहरू

समुदायमा बाढीबाट जोगिन गरिने कृत्रिम घटना अभ्यास गर्दा विभिन्न चरणहरूमा व्यवस्थित विधि र प्रकृयाहरू अपनाउनुपर्ने हुन्छ। कृत्रिम घटना अभ्यास काल्पनिक भएता पनि वास्तविक घटनाका समयमा पनि यही विधि र प्रकृया पालना गर्नुपर्दछ।

## १. कृत्रिम घटना अभ्यासको तयारी

नेपालमा बाढीको कृत्रिम घटना अभ्यास वर्षा शुरु हुने समयमा जेठ-असार महिनामा उपयुक्त हुन्छ। तसर्थ सबै तयारीहरू सो अगावै सम्पन्न गर्नुपर्छ। यो अवधिमा बाढीको कृत्रिम घटना अभ्यास गर्दा अभ्यासको ताजा सम्झना वर्षाको बेलासम्म रहि रहन्छ र वर्षाभन्दा केहि हप्ता अगाडि गर्दा कुनै कमि कमजोरी भएमा सो सुधार्न सक्ने समय पनि उपलब्ध हुन्छ। तापनि समुदायको उपयुक्त समय हेरी अन्य समयमा पनि यस्ता कृत्रिम घटना अभ्यास गर्न सकिन्छ।

### विपद् व्यवस्थापन समिति तथा कार्यदलहरूको तयारी

सामुदायिक विपद् व्यवस्थापन समिति, कार्यदलहरू, स्वयंसेवकहरूको संयूक्त तथा छुट्टाछुट्टै बैठक बसी सरोकारवालाहरूको सूचि, सूचनाका साधनहरू, सूचना सम्प्रेषण प्रक्रिया, सुरक्षित बाटो, सुरक्षित स्थान, उद्धार सामग्रीहरू सबै पर्याप्त छ/छैन, र भएकोले काम गरेको छ/छैन, सो को लेखाजोखा गर्ने साथै विपद् व्यवस्थापन समितिका पदाधिकारीहरू, कार्यदलहरू र स्वयंसेवकहरूको भूमिका बारे प्रष्ट पार्नुपर्छ।

### (क) सामुदायिक विपद् व्यवस्थापन समितिको बैठक बसी निम्न विषयमा छलफल र निर्णय गर्ने

- समुदायमा बाढीको कृत्रिम घटना अभ्यास गर्ने निर्णय, सो को मिति र समय निर्धारण।
- कृत्रिम घटना अभ्यासको परिदृश्य निर्माण गर्ने। नमूनाको लागि अनुसूचि २ हेर्नुहोस्।
- कृत्रिम घटना अभ्यासमा सहभागी हुने समुदायको आकार (भौगोलिक क्षेत्र) निर्धारण गर्ने ।
- कार्यदलहरूलाई आवश्यक सामग्री एवं औजारहरू, निर्वाह गर्ने भूमिका (वा कार्यसूचि) सहित तयारी गर्न आग्रह गर्ने।
- कार्यदलहरूको बैठक तथा अन्य तयारी सम्बन्धि कार्ययोजना तयार गर्ने।
- घटना अभ्यासका लागि आवश्यक साधन, स्रोतहरूको आवश्यकता अनुमान तथा सो को व्यवस्था के कसरी गर्ने सम्बन्धि निर्क्योल गर्ने।
- समन्वय गर्नुपर्ने सरकारी, गैरसरकारी निकायहरू, व्यक्तिहरू सँग समन्वय गर्ने तौरतरिका तय गर्ने र जिम्मेवारी बाँडफाँड गर्ने। जस्तै गेज रिडर, नजिकको प्रहरी कार्यालय, गाविस/नपा, स्वास्थ्य चौकी आदि।
- कार्यदललाई थप जनशक्तिको आवश्यकता भएमा समुदायबाट वा नजिकको विपद् व्यवस्थापन समितिसँग समन्वय गरि थप स्वयंसेवक व्यवस्था गर्ने र जिम्मेवारी दिने।

- कृत्रिम घटना अभ्यासको सहजिकरण गर्न कार्यदलका संयोजकहरू समेत रहेको एउटा सहजिकरण टोली र एउटा अनुगमन टोली गठन गर्ने ।
- विपद् व्यवस्थापन समितिको अर्को बैठक बस्ने मिति र छलफलका विषय निर्धारण गर्ने । समितिको अन्य बैठकहरू आवश्यकता अनुसार निर्धारण गर्न सकिन्छ ।

### (ख) कार्यदलहरूको बैठक र समन्वय

तल उल्लेख गरिए बमोजिम पूर्वसूचना कार्यदल, खोज तथा उद्धार कार्यदल, प्राथमिक उपचार कार्यदल, आपत्कालिन आश्रयस्थल व्यवस्थापन कार्यदलहरू बीच बैठक बसि तयारी कार्यलाई अघि बढाउने ।

### पूर्वसूचना कार्यदलको बैठक गरि निम्न विषयमा छलफल, निर्णय र कार्यान्वयन गर्ने

- कार्यदलका स्वयंसेवकहरूको कार्य विभाजन गर्ने । जस्तै गेज रिडरबाट सूचना लिने, साईरन, हातेमाईक जस्ता सञ्चार उपकरणहरूको प्रयोग गर्ने व्यक्तिको छनौट गर्ने र जिम्मेवारी तथा भूमिका प्रष्ट पार्ने । सामान्यतया गेज रिडरबाट सूचना लिने व्यक्तिले नै साईरन बजाउने पनि हुनसक्छ वा कार्यदलको सदस्यलाई अनुरोध गर्ने ।
- सबै निकायहरू (गेज रिडर, सुरक्षा निकाय, प्रशासन कार्यालय, रेडक्रस आदि) र समुदाय भित्रका सम्पर्क व्यक्तिहरूको टेलिफोन नम्बरहरू अद्यावधिक गर्ने र सम्बन्धित स्वयंसेवकहरूलाई दिने ।
- बाढी अनुगमन केन्द्रका कर्मचारीहरू सँग सम्पर्क गरि योजना गरिएको कृत्रिम घटना अभ्यासको बारेमा जानकारी गराउने र त्यसमा ती कर्मचारीहरूको भूमिका र तयारीका बारेमा छलफल गरि प्रष्ट पार्ने ।
- समुदाय नजिकका सुरक्षा निकाय, प्रशासन कार्यालय, रेडक्रस साथै अन्य सम्बन्धित निकायसँग सम्पर्क गरि योजना गरिएको कृत्रिम घटना अभ्यासको बारेमा जानकारी गराउने र त्यसमा उनीहरूको भूमिका र गर्नुपर्ने तयारीका बारेमा छलफल गरि प्रष्ट पार्ने ।
- समुदायमा साईरन, हातेमाइक, रातो/पहेंलो कपडा, उद्धार सामग्री प्रयोगको लागि तयारी अवस्थामा छ/छैन सुनिश्चित गर्ने साथै आश्रयस्थल र त्यहाँसम्म पुग्ने सुरक्षित बाटो आदिको अवस्था अद्यावधिक गर्ने ।
- समुदायमा आवश्यक सचेतना र जानकारी गराउने सम्बन्धि कार्ययोजना तयार र कार्यान्वयन गर्ने ।

### खोज तथा उद्धार कार्यदलको बैठक गरि निम्न विषयमा छलफल, निर्णय र कार्यान्वयन गर्ने

- समुदायमा हरेक परिवार र तिनका सदस्यहरूको लगत विवरण अद्यावधिक गर्ने । अद्यावधिक विवरण अन्य कार्यदलहरू र सामुदायिक विपद् व्यवस्थापन समितिमा एक–एक प्रति दिने ।
- समुदायमा अरुको सहयोग आवश्यक पर्ने बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्ति, बिरामी, सुत्केरी, बालबालिका कहाँ छन् र तिनीहरूलाई के कस्तो सहयोग आवश्यक पर्छ भन्ने जानकारी अद्यावधिक गर्ने ।
- अरुको सहयोग आवश्यक पर्ने व्यक्तिहरूलाई विभिन्न कार्यदलहरू र स्वयंसेवकहरू कसले, कसरी सहयोग गर्ने भन्ने विवरण तयार गर्ने र आवश्यक अभ्यास गर्ने ।
- सहयोग प्रदान गरि लगेर राखिने स्थानको तय गर्ने । जुन प्राथमिक उपचार कार्यदलसँग मिलेर तय गर्नुपर्छ ।
- घटनास्थल देखि प्राथमिक उपचार शिविरसम्म घाईतेलाई ल्याउने व्यवस्थाको सुनिश्चितता गर्ने तथा गर्न लगाउने ।
- आवश्यक खोज तथा उद्धार सामग्री (लाईफ ज्याकेट, डोरी, स्ट्रेचर, रवरट्यूव, डुङ्गा आदि) व्यवस्था गर्ने ।



### प्राथमिक उपचार कार्यदलको बैठक गरि निम्न विषयमा छलफल, निर्णय र कार्यान्वयन गर्ने

- एम्बुलेन्स, नजिकको स्वास्थ्य केन्द्र, स्वास्थ्यकर्मी, औषधि पसल तथा नजिकको सुरक्षा निकायको सम्पर्क नम्बरहरू अद्यावधिक गरिराख्ने वा राख्न लगाउने ।
- खोज तथा उद्धार कार्यदलसँग समन्वय गरि प्राथमिक उपचार गर्ने स्थानको व्यवस्था गर्ने र त्यसको जानकारी समुदायलाई गराउने ।
- प्राथमिक उपचारका लागि आवश्यक सामग्रीहरू (जस्तै प्राथमिक उपचार बक्स) तयार गरि उपयुक्त स्थानमा राख्ने ।
- प्राथमिक उपचार कार्यदलका सदस्यहरूको भूमिका र कार्य विभाजन गरि योजना तयार गर्ने ।

### आपत्कालीन आश्रयस्थल (शिविर) व्यवस्थापन कार्यदलको बैठक गरि निम्न विषयमा छलफल, निर्णय र कार्यान्वयन गर्ने

- आश्रयस्थलको क्षमता र त्यसमा आश्रय लिन आउने जनसंख्याको लेखाजोखा गर्ने । वैकल्पिक आश्रयस्थल, त्यहाँ पुग्ने सुरक्षित मार्गको पहिचान गर्ने र अन्य कार्यदलहरूलाई यस विषयमा जानकारी गराउने ।
- आश्रयस्थलमा खानेपानी, शौचालय जस्ता अत्यावश्यक सेवा-सुविधाहरूको लेखाजोखा र आवश्यकता अनुसार थप व्यवस्था गर्ने ।
- आश्रयस्थलमा समुदायलाई आवश्यक सहयोग र सुरक्षा प्रदान गर्न पर्याप्त स्वयंसेवकहरूको व्यवस्था र कार्य विभाजन गर्ने ।
- आश्रयस्थलमा बालबालिका, सुत्केरी तथा बिरामीहरूलाई खुवाउने खाना, मानिसहरूलाई चाहिने खाद्यान्न, अन्य सामग्री आदिको लेखाजोखा र व्यवस्था गर्ने ।
- आश्रयस्थलमा रात काट्नु पर्ने अवस्थामा आवश्यक प्रवन्धको लागि छलफल र व्यवस्था गर्ने ।
- सुरक्षित स्थलमा ल्याउने पशुचौपायालाई व्यवस्थापन गर्न छलफल गरि तयारी गर्ने ।
- आश्रयस्थलबाट अन्यत्र थप सुरक्षित स्थानमा सार्नुपर्ने अवस्थामा अवलम्बन गर्नुपर्ने विधि र सावधानीहरूमा छलफल गर्ने र अभ्यास योजना तयार गर्ने ।

यसैगरि अन्य कार्यदलका स्वयंसेवकहरूको बैठक बसी आवश्यक निर्णय र तयारी गर्ने । यी सबैको संयोजन र अनुगमन विपद् व्यवस्थापन समितिका पदाधिकारीहरू बीच कार्य विभाजन गर्ने ।

### (ग) सामुदायिक विपद् व्यवस्थापन समितिको दोश्रो बैठक

कार्यदलहरूका बैठक र आवश्यक तयारीका काम सम्पन्न भएपछि सामुदायिक विपद् व्यवस्थापन समितिको दोश्रो बैठक बस्ने । जसमा,

- सबै तयारीको समिक्षा (विशेषगरि कार्यदलको सदस्यबाट प्रस्तुतीकरण) गर्ने र आवश्यक भएमा थप कामहरूको तर्जुमा गर्ने, र
- समुदायमा सचेतना जगाउने सम्बन्धि कार्यदलका कार्ययोजनाहरू एकिकृत गर्ने र कार्यान्वयनको लागि प्रक्रिया तय गर्ने ।



### समुदायमा सचेतना अभियान

हरेक वर्ष ढिलोमा जेठ महिना भरिमा सामुदायिक विपद् व्यवस्थापन समिति, कार्यदल, स्वयंसेवकहरू परिचालन भई समुदायमा कृत्रिम घटना अभ्यास सम्बन्धि सम्पूर्ण जानकारी र सचेतना जगाउनु पर्दछ । साथै यस्ता अभ्यासको महत्वका बारेमा पनि समुदायलाई प्रष्ट पार्नुपर्छ ।

- घरदैलो, समूहगत छलफल, प्रचार-प्रसार सामग्रीको प्रयोग गरि समुदायलाई कृत्रिम घटना अभ्यासका बारेमा विस्तृत जानकारी गराउने ।
- वर्षा र बाढीका विभिन्न अवस्था जस्तै सजग हुने स्तर, चेतावनी स्तर, खतरा स्तर र ती अवस्थाहरूमा आउने सूचनाहरूका बारेमा जानकारी गराउने । जस्तै चेतावनी र खतराको स्तरमा साईरन बज्ने अवधि/पटक, त्यसको अर्थ, मोवाईल फोनमा आउने सन्देश, विभिन्न रङ्गका झण्डाहरू प्रयोग हुने भएमा तिनको संकेत र पालना गर्नुपर्ने निर्देशन आदि ।
- साथै, भिन्न–भिन्न आवश्यकता भएका व्यक्तिलाई गरिने सहयोग र आवश्यक तयारीका बारेमा सचेतना गर्ने गराउने । बाढी आउँदा सुरक्षित स्थानमा जाँदा लिएर जानुपर्ने आकस्मिक तथा अत्यावश्यक वस्तु, कागजातहरूको बारेमा जानकारी गर्ने/गराउने ।
- कृत्रिम घटना अभ्यासको मिति, शुरु हुने समय र अभ्यासका लागि लाग्ने अनुमानित समय बारे समुदायका सबैलाई जानकारी दिने ।
- कार्यदलहरू र तिनले समुदायलाई गर्ने सहयोगको बारेमा जानकारी गराउने । एक ठाउँबाट अर्को ठाउँमा जान कति समय लाग्छ, कुन बाटो जाने, को मान्छे लिन आउँछ, के साधन प्रयोग गर्ने, आदिको जानकारी गराउने ।
- कुनै नबुझेको कुरा सोध्न साथै सहयोग माग्नु पर्ने भएमा कुन टोल/परिवारले कसलाई सम्पर्क गर्ने जस्ता विषयमा सबैलाई जानकारी गराउने ।
- कुनै–कुनै विषयमा स-सानो समूहमा प्रदर्शनी (अभ्यास) गरेर देखाउन पर्ने पनि हुनसक्छ, (जस्तै लाईफ ज्याकेट लगाउने, डोरी समातेर घोल/खोला तर्ने) ती विषयमा समुदायका मानिसहरूलाई अभ्यास गराउने ।

## २. कृत्रिम घटना अभ्यास सम्पन्न गरिने चरणहरू

समुदायले बाढी विपद् पूर्वतयारी बैशाख-जेठदेखि नै गर्नुपर्छ र कृत्रिम घटना अभ्यासहरू पनि वर्षा शुरु हुनु अगावै गर्न उपयुक्त हुन्छ । नेपालमा सामान्यतया जून १० देखि मनसुनी वर्षा सुरु हुन्छ । नेपालमा माघ २ गते भुकम्पको घटना अभ्यास जस्तै सबै बाढी सङ्कटासन्न समुदायले हरेक वर्ष जून महिनाको ५ तारिखका दिन विश्व वातावरण दिवसको अवसरमा बाढी पूर्वसूचनामा आधारित भई कृत्रिम घटना अभ्यास गर्नु सान्दर्भिक देखिन्छ ।

समुदायस्तरको कृत्रिम घटना अभ्यास गर्न यो विधि र प्रकृया (प्रोटोकल) तयार गरिएको छ । यो विधि र प्रकृयाका बारेमा सबै समुदाय र सरोकारवालाहरूलाई प्रष्ट जानकारी हुन आवश्यक छ ।

**वास्तविक घटनाको समयमा पनि यही विधि र प्रकृया पालना गर्नुपर्दछ ।**

### पहिलो खबर (सजग स्तर)

सामुदायिक विपद् व्यवस्थापन समितिको संयोजक वा पूर्वसूचना कार्यदलको संयोजक (वा तोकिएको व्यक्ति) लाई खोला नदिको जलाधार क्षेत्रमा सामान्य स्तर (threshold level) भन्दा बढी वर्षा भएमा वा नदि, खोलाहरूमा जलसतह सामान्य स्तर भन्दा बढी भएमा बाढी अनुगमन केन्द्र वा अन्य निकायबाट बाढी आउनसक्छ भनेर सजग हुन खबर आउँछ ।



**सजगताको खबर पाएपछि सामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदलहरूले निम्न काम गर्नुपर्दछ**

- सामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदलहरूको तत्काल बैठक बस्ने र समिति र कार्यदलहरू परिचालन गर्न आवश्यक निर्णय गर्ने ।
- पूर्वसूचना कार्यदलका सदस्यहरूले हातेमाईक र सिट्ठी बजाएर समुदायलाई खबर गर्ने ।
- टोल-टोलमा रहेका स्वयंसेवकहरू मार्फत समुदायलाई बाढीको अवस्थाको बारेमा अवगत गराउने र सजग रहन अनुरोध गर्ने ।
- स्वयंसेवकहरूले समुदायले के–के तयारी गर्ने विषयमा पुनः सचेत गर्ने ।
- यस अवधिमा समेत हातेमाईक मार्फत वा घरदैलो गरि यस अवस्थामा के गर्ने के नगर्ने जानकारी दिने र सहयोग पनि गर्ने ।
- यसै अवधिमा तोकिएको व्यक्तिले मानवीय सहयोग स्वरुप अन्य समुदायलाई (जस्तै आफूभन्दा तल्लो तटमा रहेका समुदाय) फोन वा एसएमएसबाट पनि जानकारी गराउने ।

**स्वयंसेवकहरूबाट सजगताको खबर पाएपछि समुदायका मानिसहरूले निम्न काम गर्नुपर्दछ**

- आफूसँगै नलैजाने सामान सुरक्षित स्थानमा राख्ने, आफूसँगै लैजाने सामान ठीक पारेर राख्ने, घर-परिवारमा कोही बिरामी भए तिनको औषधीसँगै लैजान तयारी गर्ने ।
- परिवारका सदस्य एकत्रित भएर बस्ने, पशुचौपाया आदिलाई डोऱ्याएर लैजान तयार गरिराख्ने ।
- सम्बन्धित कार्यदलका सदस्यहरू मार्फत दोस्रो खबरको प्रतिक्षा गरि तम्तयार अवस्थामा रहने ।

वास्तविक अवस्थामा, रातको समय भएमा हरेक टोलमा समूह बनाई जागा रहने व्यवस्था गर्ने । गेज रिडर, जिल्लाका सहयोगीहरु (आपतकालिन् कार्यसञ्चालन केन्द्र, जिल्ला प्रशासन कार्यालय, जिविस, रेडक्रसका विपद् सम्पर्क व्यक्ति) सँग सम्पर्क गरि अवस्थाको अनुगमन गर्न समयमा नै बाढीको सूचना दिन अनुरोध गर्ने । वर्षा र खोलामा बाढीको अवस्था बुझ्न नियमितरुपमा गेज रिडर र अन्य सहयोगीहरुको सम्पर्कमा रहिरहने, बाढी घट्दै गईरहेको अवस्थामा छ कि बढिरहेको अवस्थामा छ भनेर सोध्न नबिर्सिने र जागा रहेका स्वयंसेवकहरुलाई अद्यावधिक गरिरहने । बाढीको अवस्था सामान्य हुँदै गएको भरपर्दो खबर प्राप्त भएमा सो को जानकारी समुदायलाई दिने ।

## दोस्रो खबर (बाढीको चेतावनी स्तर पुगेको खबर)

सामुदायिक विपद् व्यवस्थापन समितिको संयोजक वा पूर्वसूचना कार्यदलको संयोजक (वा तोकिएको व्यक्ति) लाई बाढी अनुगमन केन्द्रमा (जस्तै कर्णाली नदिको चिसापानी, बबईको चेपाङ, पश्चिम राप्तीको कुशुम, नारायणीको देवघाट, कोशीको चतरा) बाढीले चेतावनी स्तर नाघेमा चेतावनीको खबर (दोस्रो खबर) प्राप्त हुन्छ । यस्तो खबर जलाधार क्षेत्रका वर्षा वा बाढी मापन/अनुगमन केन्द्रबाट प्रशारण हुने स्वचालित सूचना, नदिको माथिल्लो तटीय क्षेत्रमा रहेको बाढी मापन केन्द्रका कर्मचारी (गेज रिडर) बाट वा जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्रबाट वा माथिल्लो तटका समुदाय, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटीको शाखा, उपशाखा, अन्य विश्वसनीय स्रोतबाट पनि प्राप्त हुन्छ ।

कुनै एक स्रोतबाट जस्तै स्वचालित साईरन, एसएमएसबाट प्राप्त भएको खबरका बारेमा अन्य स्रोत जस्तै अनुगमन केन्द्रका कर्मचारी, माथिल्लो तटका समुदायसँग सम्पर्क गरि पुनः जाँच गरेर यकिन गर्नुपर्छ । यसपछि निम्न कार्यहरू गर्नुपर्दछ ।

- पूर्वसूचना कार्यदलको संयोजकले आफूले बाढीको विश्वसनीय खबर पाउने बित्तिकै पूर्वसूचना कार्यदल कै सदस्य परिचालन गरि साईरनका साथै समुदायमा माईकिङ गर्ने व्यवस्था मिलाउनुपर्छ । साईरन, हातेमाइक पूर्वसूचना कार्यदलको सदस्यहरू को–को सँग रहने भन्ने निर्णय पहिले नै हुनुपर्छ ।
- चेतावनीको सूचना (दोस्रो खबर) प्राप्त भएपछि समुदायमा पहिलो साईरन बजाउनुपर्छ । यो साईरन लगातार एक मिनेट पूरा आवाजमा बजाउने र एक मिनेट रोक्ने । त्यस पछि फेरी लगातार एक मिनेट बजाउने र रोक्ने (यसको लागि जम्मा समय ३ मिनेट) । ठूलो समुदाय भएमा एक भन्दा बढी संख्यामा साईरन र फरक–फरक स्थानमा बजाउनु पर्छ । कहाँ बजाउने कसरी तालमेल मिलाउने भन्ने पहिल्यै (तयारी चरणमा नै) निर्क्योल गर्नुपर्छ ।
- पहिलो साईरन बजेपछि तोकिएका कार्यदलका सदस्य स्वयंसेवकहरूले टोलटोलमा माईकिङ गरि, घरदैलो भ्रमण गरि समुदायका सबैले जानकारी पाउने गरि सचेत गर्ने । समुदायलाई विभिन्न स्थानीय विधिहरूबाट पनि जानकारी गराउन सकिन्छ ।
- साईरन बजाएपछि मात्र साईरनले दिएको संकेत प्रष्ट हुने गरि हातेमाईकद्वारा जानकारी गराउनुपर्छ । यसको प्रयोग निकै महत्वपूर्ण हुने भएकोले मानिसहरू सुरक्षित स्थलमा नजाने समयसम्म हातेमाईक, फोन लगायतका माध्यमहरूबाट प्रष्ट सूचना सम्प्रेषण गरिरहनु पर्छ ।
- स्वयंसेवकहरूले हातेमाईक वा अन्य प्रभावकारी छिटो माध्यमबाट समुदायले अब के गर्ने, के नगर्ने विषयमा जानकारी गराई रहनु पर्छ र सूचना सुन्न र निर्देशनहरूको पालना गर्न तयारी भई रहन जानकारी गराउनुपर्छ ।
- चेतावनीको खबर आउना साथ खोज तथा उद्धार, आपत्कालिन आश्रयस्थल (शिविर) व्यवस्थापन, प्राथमिक उपचार जस्ता कार्यदलहरू पहिले निर्धारण गरेको स्थानमा जुट्नु पर्छ र आफ्नो जिम्मेवारी निर्वाहका लागि तयार हुनुपर्छ ।
- अपाङ्गता भएका व्यक्ति, बृद्ध-बद्धा, सुत्केरी महिला लगायत अरुको सहयोग चाहिने व्यक्तिहरूलाई सघाउन खटिने स्वयंसेवकहरू पनि उद्धारका निम्ति सामग्रीहरू सहित तत्पर भएर बस्ने ।

- विशेषगरि तयारी समय (Lead time) कम भएका समुदायमा चेतावनीको खबर पाउना साथै अपाङ्गता भएका व्यक्ति, बृद्ध-बृद्धा, सुत्केरी महिला लगायत अरुको सहयोग चाहिनेहरूलाई सुरक्षित स्थलमा उद्धार गरिनुपर्छ। उनीहरूलाई पहिलो प्राथमिकतामा राखी उद्धार गर्ने र सुरक्षित स्थानमा पुऱ्याउने।
- चेतावनी पछि गरिने सबै कामहरू सम्पन्न भएपछि सम्बन्धित कार्यदल स्वयंसेवकहरूले आफू खटिएको टोलको तयारी सम्पन्न भएको खबर टोली नेतालाई दिने र तेस्रो खबरको प्रतिक्षा गरि तम्तयार रहने। समुदायलाई पनि धैर्य भई निर्देशन पर्खन अनुरोध गर्ने।
- समुदायमा भइरहेका बाढी पूर्वसूचनाको कार्यान्वयन अवस्थाका बारेमा गाविस वा नपाका प्रमुख, नजिकका सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालय, जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्रमा खबर गर्ने। आवश्यक भएमा ती निकायलाई सहयोगका लागि तयारी अवस्थामा रहन आग्रह गर्ने।
- पूर्वसूचना कार्यदलको तोकिएको व्यक्तिले अन्य समुदायलाई जोडने (जस्तै आफूभन्दा तल्लो तटमा रहेका समुदाय) लाई पनि जानकारी गराउने।



### चेतावनीको साईरन बजि सकेपछि समुदायले गर्नुपर्ने क्रियाकलापहरू

- सुरक्षित आश्रयस्थलमा जाने अन्तिम तयारी गर्ने । बहुमूल्य सामान, कागजपत्र साथमा लैजान तयार गर्ने । साथमा लैजाने सामानहरू बोरा, बाकस, प्याकेटहरूमा सुरक्षित हुने गरि मिलाएर आफ्नो नाम लेख्ने र गाडा जस्ता सवारी साधनमा राख्ने ।
- घरपरिवारमा उद्धार गर्नुपर्ने बिरामी, सुत्केरी, बृद्धबृद्धा भए तिनको औषधी, उद्धार सामग्री आदिको व्यवस्था गर्ने र स्वयंसेवकहरूसँग समन्वय गर्ने ।
- घरमै छोड्ने सामान घरगोठमा सुरक्षित स्थानमा राख्ने ।
- पशुपंक्षी, गाईवस्तु तोकिएको सुरक्षित स्थानमा स्थानान्तरण गर्ने । आफ्नै गोठ जग्गामा वा छिमेकीकोमा राख्न सुरक्षित हुने भएमा त्यहाँ सार्ने ।
- परिवारका सदस्य एकत्रित भएर बस्ने र बाढीको अवस्था थाहा पाउन स्वयंसेवकहरूले दिने जानकारी निर्देशनको प्रतिक्षा गर्ने ।

वास्तविक घटनाका अवस्थामा सामुदायिक विपद् व्यवस्थापन समितिको संयोजक वा पूर्वसूचना कार्यदलको संयोजक (वा तोकिएको व्यक्ति) ले बाढीको अवस्था (घटेको, बढेको वा उस्तै) थाहा पाईराख्न बाढी मापन केन्द्रका गेज रिडरसँग हरेक १०- १५ मिनेटमा फोन सम्पर्क गरिरहनुपर्छ ।

चेतावनी पश्चात् गरिने माथिका सबै कामहरू सम्पन्न भएको १० मिनेट पछि कृत्रिम घटना अभ्यासको तेस्रो  खबर शुरु गर्ने । वास्तविक घटनामा यो समयावधि सामान्यतया बढी हुनसक्छ ।

वर्षाको आधारमा जारी गरिने बाढीको पूर्वसूचनामा पनि तीन चरणका खबर हुन सक्छन् । तर, वर्षा हुने वित्तिकै (६ घण्टा भित्रै) बाढी आउन सक्ने खहरे बाढीका सन्दर्भमा चेतावनी स्तरको वर्षाको खबर आएपछि नै माथिका सबै विधि र प्रकृयाहरु अवलम्बन गर्नुपर्छ । यस्तो अवस्थाका समुदायमा खतरास्तर भन्दा बढी वर्षा भएमा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनुपर्छ ।

ठूलो जलाधार भएका नदिको माथिल्लो जलाधार क्षेत्रमा चेतावनी स्तर भन्दा बढी वर्षा भएपछि नदिमा बाढीको तह अनुगमन गर्ने कार्यलाई बढी प्राथमिकता दिईन्छ र बाढी अनुगमन केन्द्रसँगको समन्वय बढाउनु पर्छ । कार्यदलहरुलाई बाढी बढेको, चेतावनी स्तर भए नभएको जानकारीका लागि सजग रहन खबर गर्ने ।





## तेस्रो खबर (बाढी खतरा स्तर पुगेको खबर)

बाढी बढ्दै गरेको र चेतावनीको स्तरबाट खतराको स्तरमा पुगेको सूचना पनि बाढी मापन/अनुगमन केन्द्रबाट प्रशारण हुने स्वचालित उपकरणबाट वा नदिको माथिल्लो तटीय क्षेत्रमा रहेको बाढीमापन केन्द्रका कर्मचारी (गेज रिडर) बाट वा जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्रबाट वा माथिल्लो तटका समुदाय, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटीका शाखा/उपशाखा, अन्य विश्वसनीय स्रोतबाट प्राप्त हुन्छ । सामान्यतया समुदायबाट पनि ती केन्द्रमा सम्पर्क गर्नु मनासिव हुन्छ । यस खतरा स्तर पुगेको खबर पाएपछि निम्न प्रकृया अपनाउनुपर्छ ।

- तेस्रो खबर (खतरा स्तरको सूचना) प्राप्त हुने वित्तिकै पूर्वसूचना कार्यदलका तोकिएका सदस्यले बाढी खतरा स्तरमा पुगेको साईरन बजाउनुपर्छ । यसपटकको साईरन लगातार दुई मिनेटसम्म बजाउने र आधा मिनेट रोक्ने र पुनः लगातार दुई मिनेटसम्म बजाउने र आधा मिनेट रोक्ने, र यसै गरि दोहोऱ्याउँदै दश मिनेटसम्म अर्थात् चार पटक बजाउने ।
- खोज तथा उद्धार, शिविर व्यवस्थापन, प्राथमिक उपचार जस्ता कार्यदलहरू सहायता/उद्धारमा र आ-आफ्ना जिम्मेवारी कार्यान्वयन गर्न सरिक हुनुपर्छ ।
- पूर्वसूचना कार्यदल सदस्य र स्वयंसेवकहरूले टोलटोलमा माईकिङ गरि, घरदैलो भ्रमण गरि समुदायका सबैलाई सुरक्षित आश्रयस्थलमा जान अनुरोध गर्ने । माईकिङ गर्दा समुदायले के गर्ने, के नगर्ने भन्ने विषयहरू पनि प्रष्ट्याई दिने ।
- उद्धारमा खटिने स्वयंसेवकहरूले उद्धारका उपकरण, साधन प्रयोग गरि अपाङ्गता भएका व्यक्ति, बृद्ध-बृद्धा, सुत्केरी महिला, बालबालिका लगायत अरुको सहयोग चाहिने व्यक्तिहरूलाई सुरक्षित स्थलमा उद्धार (स्थानान्तरण) गर्ने ।
- स्वयंसेवकहरूले हतार–हतार भागिरहेका समुदायलाई नआत्तिन र व्यवस्थित भई शान्तिपूर्वक सुरक्षित स्थल तर्फ जान सहयोग तथा मार्गनिर्देश गर्ने ।
- सबै भन्दा जोखिममा रहेका घर, व्यक्ति तथा समुदायसम्म सूचना पुगेको र उनीहरू सुरक्षित स्थानमा गएको सुनिश्चित गर्ने । उद्धार गर्नुपर्ने व्यक्तिहरू उद्धार भए नभएको यकिन गर्ने र नभएको भए तुरुन्तै गर्ने ।
- समुदायका मानिसहरू आकस्मिक आश्रयस्थलमा पुगेपछि सबै जम्मा भए नभएको निर्क्योल गर्न आश्रयस्थल (शिविर) व्यवस्थापन कार्यदलले हाजिरी गर्नुपर्छ र सबै सुरक्षित उद्धार (स्थानान्तरण) भएको यकिन गर्नुपर्छ ।
- आश्रयस्थल (शिविर) भित्र विभिन्न मानिसहरूलाई निर्धारण गरिएको ठाउँमा बस्ने व्यवस्था गर्ने ।
- सुरक्षित स्थानमा हामी सबै सुरक्षित छौं भन्ने अनुभूति गराउन स्वयंसेवकहरूले मनोपरामर्श गरिरहनु पर्दछ ।
- पूर्वसूचना कार्यदलका संयोजकले बाढीको अवस्था थाहा पाईराख्न बाढी मापन केन्द्रका गेज रिडरसँग हरेक १०-१५ मिनेटमा फोन सम्पर्क गरिरहनु पर्दछ ।
- जिम्मेवारी तोकिएको व्यक्तिले यो अवस्थाका बारेमा अन्य समुदायलाई जोडने (जस्तै आफूभन्दा तल्लो तटमा रहेका समुदाय) लाई पनि खतरा स्तरको बारेमा जानकारी गराउनु पर्दछ ।
- अनुगमन टोलीले सबै कामहरूको अनुगमन गर्ने र व्यवस्थित रुपमा भएको सुनिश्चित गर्नुपर्दछ ।

### खतराको साईरन बजि सकेपछि समुदायले गर्नुपर्ने क्रियाकलापहरू

- खतरा स्तरको सूचना पाएपछि आफूसँग लैजान तयार गरिएका सामग्रीहरू लिएर सुरक्षित आश्रयस्थलमा जाने ।
- साईरनको आवाज तथा हातेमाईकबाट वा अन्य किसिमबाट स्वयंसेवकले दिएको निर्देशनलाई पालना गर्ने, कुनै विवाद वा प्रतिवाद नगर्ने ।
- साईरनबाट वा माईकबाट पाएको सूचना, दिएको निर्देशन नबुझे आफ्नो टोलमा खटिएका स्वयंसेवकबाट बुझ्नुपर्छ, अनावश्यक विश्लेषण, विवाद, बहस नगर्ने ।
- स्वयंसेवकले देखाएको बाटो पछ्याउँदै सुरक्षित स्थलमा जाने, आफूखुशी जथाभावी कतै नजाने ।
- समुदायका सक्षम र सबल व्यक्तिहरू आफैं सुरक्षित बाटो हुँदै सुरक्षित आश्रयस्थल तर्फ जाने ।
- बाह्य सहयोग चाहिनेहरू स्वयंसेवकको सहयोगमा आश्रयस्थमा जाने । (उनीहरू चेतावनी कै स्तरको खबर पाएपछि नै पनि सुरक्षित स्थलमा जान सक्छन् ।)
- आकस्मिक आश्रयस्थलमा पुगेपछि आफ्ना परिवार र छिमेकका सबै जम्मा भए नभएको निर्क्योल गर्न हाजिरी वा चेकजाँच गर्न स्वयंसेवकहरूलाई सहयोग गर्ने ।
- यदि कोही सुरक्षित ठाउँमा आउन छुटेको पाईएमा पुनः खोजी गरि उद्धार गर्न स्वयंसेवकलाई जानकारी गराउने, आफै नजाने ।

**वास्तविक घटनामा रातको समय छ भने आवश्यक मात्रामा टर्चलाईटको वा अन्य उज्यालोको व्यवस्था मिलाउनु पर्दछ । स्वयंसेवकहरूले बाटो उज्यालो पारी समुदायलाई सुरक्षित स्थानसम्म पुग्न मार्गदर्शन गर्नुपर्छ ।**



### सुरक्षित स्थानमा/आश्रयस्थलमा पुगि सकेपछि गर्नु पर्ने क्रियाकलाप

- समुदायले स्वयंसेवकहरूले दिएको निर्देशनलाई पालना गर्नुपर्दछ, शान्त र धैर्य भई बस्नुपर्छ, कुनै विवाद, प्रतिवाद गर्नु हुँदैन ।
- आश्रयस्थल व्यवस्थापन कार्यदल र स्वयंसेवकहरूले सबैजनालाई शान्तिपूर्ण बस्न लगाउन समुदायका धनसम्पत्ति सुरक्षित रहेको भरोसा दिलाउनु पर्दछ ।
- सम्भव भएसम्म परिवारका सदस्यहरूलाई सँगै बस्ने व्यवस्था गर्नुपर्दछ । आश्रयस्थलका पर्याप्तता हेरी परिवारका सदस्यहरूलाई सँगै बस्न असम्भव भए महिला र पुरुषहरूलाई छुट्टाछुट्टै राख्ने व्यवस्था मिलाउनुपर्दछ ।
- सबैजना सुरक्षित छौं भन्ने सुनिश्चित गर्न स्वयंसेवकहरूले समुदायलाई आवश्यक जानकारी, सान्त्वना र परामर्श दिनुपर्दछ ।
- बिरामीहरू भएमा तिनको अवस्था अरु बिग्रन नदिन स्वयंसेवकहरूले नजिकको स्वास्थ्य केन्द्र तथा अस्पतालसम्म पुऱ्याउने व्यवस्था मिलाउनु पर्दछ ।
- आश्रयस्थल व्यवस्थापन कार्यदलले पिउने पानी, खाद्यान्न, शौचालयको व्यवस्था मिलाउनु पर्दछ ।
- आश्रयस्थलमा कति समयसम्म रहनुपर्ने हो अवस्था हेरि पानी, खाद्यान्न, लत्ताकपडाको व्यवस्था मिलाउनु पर्दछ ।
- पूर्वसूचना कार्यदलका संयोजकले वर्षा वा बाढी अनुगमन केन्द्रसँग बाढीको अवस्थाबारे जानकारी लिई समुदायलाई अद्यावधिक जानकारी गराउनु पर्दछ ।
- अभ्यासका क्रममा विपद् व्यवस्थापन समितिका संयोजक वा सहजकर्ताहरूले सुरक्षित आश्रयस्थलमा एक घण्टासम्म समुदायलाई राखेर कृत्रिम घटना अभ्यासको बारेमा र वास्तविक बाढीको अवस्थामा हुनसक्ने र अपनाउनु पर्ने विधि र प्रकृयाका बारेमा छलफल वा अनुशिक्षण गर्नुपर्दछ ।

**अन्त्यमा, यो कृत्रिम घटना अभ्यास हो । यसरी नै बाढी आएको समयमा हामीले यिनै उपायहरू अपनाउनु पर्छ भन्दै सबैलाई धन्यवाद दिँदै कार्यक्रम अन्त्य गर्नुपर्दछ ।**

सम्पूर्ण कार्यदलका सदस्यहरू र स्वयंसेवकहरूले समुदायलाई शान्तिपूर्वक आफ्नो सामग्री सहित घर फर्कन आग्रह गर्ने र सो कार्य गर्न सघाउनु पर्दछ ।

**आश्रयस्थलबाट समेत अन्यत्र सर्नुपर्ने अवस्था भएमा** हालैका वर्षहरूमा बाढी कल्पना गरेभन्दा ठूला र क्षतिकारक हुँदै आएका छन् र जलवायु परिवर्तनका कारण यस्ता विपद् अझ विकराल हुनसक्ने देखिन्छ । तसर्थ अहिले समुदायमा बनाएका आश्रयस्थलहरूमा जम्मा भएका मानिसहरूलाई उद्धार गरि टाढाटाढासम्म लैजानुपर्ने हुनसक्छ । त्यस्तो अवस्थामा बृद्धबृद्धा, सुत्केरी, बिरामी, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरूको अवस्था हेरी प्राथमिकता निर्धारण गरेर पालोपालो उद्धार गर्ने डुङ्गा, हेलिकोप्टर वा अन्य साधनहरूमा पठाउने जस्ता विषयमा अनुशिक्षण र आंशिक अभ्यास गर्नुपर्दछ । जस्तो कि कसरी आश्रयस्थल (त्यसको छत वा भऱ्याङको माथिल्लो भाग) बाट पालैपालो डुङ्गा वा हेलिकोप्टरको डोरीमा पुग्ने, पुऱ्याउने जस्ता विषयमा अनुशिक्षण गर्ने ।





# अनुगमन, पूनरावलोकन र परिमार्जन

कृत्रिम घटना अभ्यासको कार्यक्रम समाप्त भएपछि समुदायबाट यो अभ्यास कस्तो लाग्यो, के–के कमि कमजोरी रहे, थप प्रभावकारी बनाउन के गर्न सकिन्छ भन्ने पृष्ठपोषण लिनुपर्दछ । साथै विपद् व्यवस्थापन समिति, कार्यदल र स्वयंसेवकहरूले अलग अलग र संयुक्त बैठक बसेर अभ्यासको समिक्षा गरि वास्तविक अवस्थाको लागि सामग्री तथा उपकरणहरू पुग्दो छ वा छैन, तिनीहरूको गुणस्तर ठिक छ छैन, सदस्यहरूसँग आवश्यक सीप क्षमता छ छैन, समुदाय तथा समुदायका सदस्यहरूले आफूले गर्नुपर्ने जिम्मेवारी बुझेको छ छैन आदि जस्ता कुराहरूको लेखाजोखा गरि अपुग भएमा पूरा गर्ने योजना बनाई लागू गर्नुपर्दछ ।

कृत्रिम घटना अभ्यास तयारीको चरणमा एउटा अनुगमन टोली गठन गर्नुपर्दछ । सम्बन्धित समिति र सरोकारवालाहरू सम्मिलित छरितो अनुगमन टोलीले गर्ने कार्यहरू निम्न हुनसक्छन् :

- कृत्रिम घटना अभ्यासको तयारी प्रक्रिया अनुगमन गर्ने र कार्यदल एवं स्वयंसेवकहरूलाई आवश्यकता अनुसार सुझाव दिने तर निर्देशन भने होइन ।
- अनुगमन टोलीले गेज स्टेशन देखि समुदायसम्म सूचना पुग्न लागेको समय र समन्वयात्मक प्रतिकार्यका लागि कार्यदल र स्वयंसेवकहरूलाई लागेको समयलाई विशेष ध्यान दिनुपर्छ । समन्वयात्मक प्रतिकार्यको समय भन्नाले खोज तथा उद्धार टोली परिचालित भएपछि उद्धारका लागि लागेको समय हो ।
- अनुगमन टोलीले कार्यदल, स्वयंसेवक र अन्य निकाय, संघसंस्थाहरूले आ-आफ्नो कार्यसूची अनुसार काम गरेको छ/छैन भन्ने कुरालाई समेत अनुगमन गर्नुपर्दछ ।

कृत्रिम घटना अभ्यास सम्पन्न भई अनुगमन टोलीले अनुगमन प्रतिवेदन पेश गरेपछि समितिको बैठक बसी समग्र विधि र प्रकृयाको पुनरावलोकन र आवश्यकता अनुसार परिमार्जन गर्नुपर्छ ।

**सामुदायिक विपद् व्यवस्थापन समितिको समिक्षा बैठक (कृत्रिम घटना अभ्यास सम्पन्न भए पश्चात्)**

अनुगमन टोली र अन्य संलग्न सबैको पूनरावलोकनबाट प्राप्त जानकारीहरूका आधारमा घटना अभ्यासको समिक्षा गरि कमी कमजोरीहरूको सुधार गर्ने निम्न रणनीतिहरू तर्जुमा गर्न सकिन्छ ।

- कृयाकलापहरू निर्धारित विधि प्रक्रिया बमोजिम भए नभएको समिक्षा गर्ने ।
- विभिन्न कार्यदलको क्षमताको समिक्षा गर्ने । सहयोगी निकायहरूको भूमिकाको समिक्षा गर्ने ।
- समुदायमा सबैले समयमै सूचना प्राप्त गरे नगरेको र निर्देशन पालना गरे नगरेको समिक्षा गर्ने ।
- बढी जोखिममा रहेका समूहसम्म सूचना पुगे नपुगेको समिक्षा गर्ने ।
- सबल तथा सुधार गर्नुपर्ने पक्षहरूको छलफल गर्ने र योजना बनाई कार्यान्वयन गर्ने ।
- बैठकका निष्कर्ष र तर्जुमा गरेका योजना सार्वजनिक गर्ने ।



## पुनरावलोकन सूचि

**कृत्रिम अभ्यास गर्दा सम्पन्न हुनपर्ने कामहरूको सूचि**

**(१) तयारी चरण**

- समितिको बैठक, छलफल र निर्णयहरू
- अभ्यास स्थान र सहभागी हुने समुदायको छनौट
- समुदायलाई अभ्यासको मिति र समयको जानकारी
- स्वयंसेवकहरू तथा सहजकर्ताहरूलाई अनुशिक्षण
- सरोकारवालालाई अभ्यासको बारेमा र त्यसमा उनीहरूको भूमिकाको जानकारी
- गेजरिडरलाई अभ्यासको समय, मिति र भूमिकाका बारेमा जानकारी
- आवस्यक सामाग्रीहरूको व्यवस्था : सिट्ठी, साईरन, हातेमाईक, लाईफ ज्याकेट, डोरी, डुङ्गा, रजिष्टर, कलम, विभिन्न व्यक्तिहरूका सम्पर्क नम्बर, सूचनाप्रवाह चार्ट, प्राथमिक उपचार सामाग्री, लाईट, स्ट्रेचर (घरमा निर्मित भए पनि हुन्छ)
- स्वयंसेवकहरू तथा कार्यदलका लागि सहयोगी स्वयंसेवक र तिनको तयारी

**(२) अभ्यास चरण**

- बाढीको अवस्थाको पहिलो सूचना प्राप्त भएको समय, श्रोत (गेज रिडर, जिल्ला...) आदी नोट गर्ने
- गेजरिडरबाट बाढीका विभिन्न अवस्थाका बारेमा सूचना प्रवाह भएको, पूर्व सूचना कार्यदलको संयोजकलाई सूचना आएको
- पूर्व सूचना संयोजकले सूचना समुदाय स्तरिय विपद् व्यवस्थापन समितिलाई दिएको
- समुदाय स्तरीय विपद् व्यवस्थापन समितिले सम्पूर्ण सदस्य तथा कार्यदललाई बैठकको आह्वान गरेको
- समुदाय स्तरीय विपद् व्यवस्थापन समिति तथा कार्यदलको आपत्कालिन बैठक बसेको
- पूर्व सूचना कार्यदलले पहिलो साईरन बजाउने निर्देशन प्राप्त गरेको र बजाएको
- विभिन्न तहमा साईरन बजिसकेपछि हाते माईकवालाले सबै जोखिममा रहेको घरहरू सम्म सूचना प्रवाह गरेको
- प्राथमिक उपचार, खोज तथा उद्धार र पूर्व सूचना कार्यदलका सदस्य सबै उपकरण सहित तयारी अवस्थामा रहेको
- स्वयंसेवकहरू बाढीको अवस्था अनुसारका निलो, पहेंलो, रातो रङ्गको झण्डा लिएर हिडेको
- विपद् व्यवस्थापन समितिले स्थानीय तथा जिल्लास्थित आपतकालिन् कार्य सञ्चालन केन्द्र र अन्य सरोकारवाला तथा सुरक्षा निकायलाई जानकारी गराएको
- सबै आ-आफ्नो परिवारलाई एक ठाउँमा भेला भई तयारी भएको
- समुदायले आफ्ना सम्पूर्ण महत्वपूर्ण सामग्री नगद, सुनचाँदी, लालपुर्जा, नागरिकता, विभिन्न प्रमाण पत्र आदि लगायत सुख्खा खानेकुरा, पानी, कपडा, टर्चलाईट आदिको झटपटझोलामा तयारी गरेको
- स्थानीय निकाय तथा अन्य सरोकारवालाहरूका प्रतिनिधिको सहभागीता रहेको
- विपद् व्यवस्थापन समितिले स्थानीय वा जिल्लास्थित आपत्कालिन कार्य सञ्चालन केन्द्र र अन्य सरोकारवाला तथा सुरक्षा निकायलाई जानकारी दिएको
- खोज तथा उद्धार कार्यदलले जोखिममा रहेका समूहको पहिला उद्धार गरेको
- सुरक्षा निकाय तुरुन्त प्रभावित स्थल पुगेको
- प्राथमिक उपचारकले घाईतेलाई प्राथमिक उपचार गरेको
- पूर्व सूचना कार्यदलले नियमित रुपमा सूचना लिने र प्रवाह गर्ने गरेको
- समुदायले आफ्ना लिएर जान नसकेका गाईभैंसीहरूलाई फुकाएर छोडेको
- पशुपंछिहरूलाई सुरक्षित ठाउँमा राखेको

- समुदायले आफ्ना महत्वपूर्ण सामग्री आदिको झटपटझोला उठाएर आफ्ना परिवार सहित सुरक्षित बाटो भएर सुरक्षित स्थल तर्फ लागेको
- विपद् व्यवस्थापन समितिले विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था सँग सहयोगका लागि समन्वय गरेको
- आश्रयस्थलमा सबैलाई सुरक्षित राख्ने व्यवस्था मिलाइएको
- आश्रयस्थलमा रहेका सबै व्यक्तिहरूको रेकर्ड तयारी गरेको



# अनुसूचि

## अनुसूचि १. समुदायमा बाढीको कृत्रिम घटना अभ्यासमा आवश्यक स्रोत, साधन, सामग्री

**क. सञ्चारका साधनहरू :** साईरन, हातेमाईक, निलो, पहेँलो र रातो रंगका झण्डा, टेलिफोन, रेडियो, सिट्ठी, चलनचल्तिका बाजा आदि ।

**ख. उद्धार सामग्री :** डुङ्गा, डोरी, लाईफज्याकेट, स्वयंसेवक भेष्ट, स्ट्रेचर, लौरो, रवरट्यूव, खटिया आदि ।उद्धार सामग्रीहरू स्थानीय स्तरमा सजिलै पाइने साधन, श्रोतको प्रयोग गरि स्थानीय स्तरमा नै बनाईनु उपयुक्त हुन्छ । जस्तै, प्लास्टिक बोत्तल प्रयोग गरि बनाईएका लाईफ ज्याकेट, ड्रम प्रयोग गरि बनाईएका डुङ्गा, गाउँमा नै पाइने वा तयार गरिएका डोरी आदि ।

**ग. प्राथमिक उपचार सामग्री :** औषधी, घाउचोट सफा गर्ने लगायतका प्राथमिक उपचार सेट ।

**घ. सम्पर्क सूचि :** सम्पर्क व्यक्तिहरूको टेलिफोन नम्बर, पूर्वसूचना सूचना सम्प्रेषण प्रणालीको चार्ट ।

**ङ. अस्थायी शिविर व्यवस्थापनका लागि आवश्यक सरसामान :** खाद्य सामग्री, खानेपानी, लत्ताकपडा, भाँडावर्तन, तम्बु-पाल, प्लास्टिक ओत लाग्ने सामान, आदि ।

कृत्रिम घटना अभ्यासमा पूर्वसूचना कार्यदल, खोज तथा उद्धार कार्यदल, प्राथमिक उपचार कार्यदल, आश्रय स्थल व्यवस्थापन कार्यदल, महिला स्वयंम सेवक तथा विभिन्न अपाङ्गता भएका व्यक्ति, सुत्केरी महिला, गर्भवती महिला, बृद्धबृद्धा, बालबालिका, स्थानीय सरोकारवाला तथा समुदायको पूर्ण सहभागिता रहनुपर्दछ ता कि वास्तविक घटनाकालागि आवश्यक अनुभव र सीप हासिल गर्न सकियोस् ।

## अनुसूचि २. बाढी पूर्वसूचनामा आधारित कृत्रिम घटना अभ्यासको परिदृश्य

कृत्रिम घटना अभ्यास सम्पन्न गर्नका लागि शुरुमा परिदृश्य तयार गर्नुपर्दछ । परिदृश्यले घटना अभ्यासको शुरुवात कहाँबाट हुन्छ, घटना अभ्यास सञ्चालन प्रक्रिया कसरी अगाडि बढ्छ र अन्त्य कसरी हुन्छ भन्ने कुरालाई स्पष्ट गर्दछ । अर्थात परिदृश्यले समुदायमा बाढी पूर्वसूचनाको सञ्चार तथा प्रसार कसरी हुन्छ, र सो को आधारमा प्रतिकार्य (Response) कसरी गर्ने भन्ने विषयलाई समेट्छ ।

कुनै जिल्लामा बाढीको चेतावनी र खतरा स्तरको सूचना गेजस्टेशनबाट सिधै समुदायमा पूर्वसूचना कार्यदलको संयोजकलाई जान्छ र यसैको आधारमा समुदाय स्तरमा प्रतिकार्य (Response) शुरु हुन्छ । कुनै जिल्लामा जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रको माध्यमबाट स्थानीय विपद् व्यवस्थापन समिति (LDMC) मार्फत सामुदायिक विपद् व्यवस्थापन (CDMC) हुँदै पूर्वसूचना कार्यदलको संयोजकसम्म पुग्छ र प्रतिकार्य शुरु हुन्छ । तसर्थ जिल्लामा (समुदायमा) जुन अभ्यास भएको छ त्यसैलाई परिदृश्यको आधार मान्नु पर्दछ । परिदृश्य तयार गर्दा हरेक सरोकारवालाले बोल्ने वा प्रसार गर्नुपर्ने विषय वा खबरलाई स्क्रिप्ट मार्फत प्रष्ट्याउनु पर्दछ । कुनै समुदायमा दुई चरण (चेतावनी र खतराको स्तरको खबर) भने कुनैमा तीन चरणहरू छन् (सजग रहने स्तर, चेतावनी स्तर र खतराको स्तरको खबर) पूर्वसूचना अभ्यास गरिएका छन् । हालसम्मका अभ्यासहरू हेर्दा तीन चरण नै उपयुक्त देखिन्छ जसमा खबर आएपछि सुरक्षित स्थलमा जाने समय छोटोभएका समुदाय र भविष्यमा वर्षाका आधारमा गरिने पूर्वसूचना समेत समावेस गर्न सकिन्छ । यस पुस्तिकामा दिएको उदाहरणमा कर्णाली नदिको बाढी र बर्दिया जिल्लाको राजापुर क्षेत्रको समुदायको प्रसङ्ग छ ।



# परिदृश्य

*वर्षातको समय छ, मौसम पूर्वानुमानले समाचारमा "पश्चिम पहाडी र तराइमा कतैकतै मुसलधारे पानी पर्नसक्ने" भनेको छ । उत्तरतिर आकाशमा बादल मडारीदै गयो, कर्णालीका पहाडतिर पानी परेजस्तो संकेत देखिन्छ । त्यसैले पूर्वसूचना कार्यदलको संयोजक वसन्त चौधरीले उनको छिमेकी रमेश वम, राम विक, शिवजी साउद, रबीन्द्र सिं र धनसरी मगरलाई उनीहरूको पहाड घर तिर फोन गरेर बुझ्न पठाए, साँच्चै नै अछाम, डोटी, बझाङ, सुर्खेत, दैलेखतिर ठूलो झरी परिरहेको सूचना प्राप्त हुन्छ । पहाडी भाग तिर पानी परिरहेको हुनाले बाढी आउनसक्ने सम्भावना बढ्दै गएको छ । सधैं बाढीले प्रभावित बनाउने भएकोले यस पटक भने सूचना समयमा नै प्राप्त गर्नुपर्छ भन्ने कुरामा वसन्त र उनका छिमेकीहरू सचेत देखिन्छन् ।*

...............(केही घण्टापछि) ....................................

*वसन्तलाई एउटा फोन आउँछ ।*

**गेजरिडर :** हेलो ! म गेज रिडर पार्वती गुरुङ्ग चिसापानीबाट बोलिरहेकी छु । वसन्त जी हो ?

**वसन्त :** हेलो, हजुर नमस्कार, म वसन्त नै बोलिरहेको छु ।

**गेजरिडर :** कर्णाली नदिमा बाढी बढीरहेको छ, आधा घण्टा मै ८ मिटरबाट ८.५ मिटर कटिसकेको छ र छिटै सजग हुनुपर्ने स्तर ९ मिटर नजिक पुग्ला जस्तो लाग्यो, जानकारी गराउँ भनेर फोन गरेको ।

**वसन्त :** बाढी कति मिटर पुगेको छ भन्नु भयो ? साढें आठ (८.५) मिटर ? छिटोछिटो बढीरहेको छ ?

**गेजरिडर :** हो । अहिले पानी बढीरहेको अवस्थामा छ । समय–समयमा सूचना लिंदै गर्नुहोला ।

**वसन्त :** हवस् म तपाईको सम्पर्कमा नै रहन्छु, धन्यवाद ।

(त्यसपछि वसन्तले १५–१५ मिनेटमा बाढीको अवस्था बुझिरहन्छ ।)

**वसन्त :** हेलो, पार्वती दिदी, अहिले बाढी कति पुग्यो ?

**गेजरिडर :** अहिले ९ मिटर पुग्यो ।

**(नोट : ९ मिटर वसन्तको समुदायकालागि सजग रहने बाढीको स्तर हो)**

**वसन्त :** ए हो र ? ल अब हामी आवश्यक तयारी गर्छौं । समय–समयमा सूचना दिंदै गर्नु होला ।

*(वसन्तले तुरुन्तै समुदाय स्तरीय विपद् व्यवस्थापन समितिको अध्यक्ष प्रेम बहादुर बिकलाई र पूर्वसूचना कार्यदलका सदस्यहरूलाई जानकारी गराउन जान्छ)*

**वसन्त :** प्रेम जी, नदिको माथिल्लो तटमा पानी बेस्सरी परिरहेको छ रे हाल नदिमा पानीको तह ९ मि. पुगीसकेको छ ।

**प्रेम :** ए हो र ? ल त तपाई पूर्वसूचना कार्यदलका सदस्य स्वयंसेवकहरूलाई समुदायमा सजग रहने सिट्ठी बजाउन, माईकिङ गर्न भन्नुहोस् । म सबै समिति, कार्यदल संयोजकलाई बोलाउँछु । हामी बैठक बसी तुरुन्त आवश्यक उपायहरू गरौं ।

## समुदायलाई पहिलो (सजग हुने) खबर

वसन्तले पूर्वसूचना कार्यदलका सदस्य स्वयंसेवकहरूलाई सजग हुने खबरको लागि टोल–टोलमा सिट्ठी बजाउन, *माईकिङ गर्न निर्देशन दिन्छ ।*

*सिट्ठी बजेको सुन्नासाथ सुन्दरराम थापा (पूर्वसूचना कार्यदलको सदस्य) साईरन हातमा लिएर तयार हुन्छ ।*

*विपद् व्यवस्थापन समितिका सबै सदस्यहरू तुरुन्तै आपत्कालिन बैठकका लागि सामुदायिक भवनमा (पहिले नै तोकिएको ठाउँ) जम्मा हुन्छन् र आपत्कालिन बैठक बस्छन् । बैठकले सबै कार्यदल तथा समुदाय आ-आफ्नो क्षेत्रबाट परिचालन हुने निर्णय गर्छ ।*

पूर्वसूचना कार्यदलका सदस्य स्वयंसेवकहरूले सजग हुने खबरको लागि टोल–टोलमा सिट्ठी बजाउन, माईकिङ गर्न थाल्दछन् ।

**सिट्ठी को आवाज (शिरररररररर..........एक साससम्म मात्र) त्यस पछि माईकिङ**..."आदरणीय गाउँलेहरू, नदिमा पानी बढिरहेको छ र चेतावनीको स्तरमा पुग्न लागेको छ भन्ने जानकारी आएको छ, सबैजना सजग र तयार बन्नुहोला । घर बाहिर भएका परिवारका सदस्यहरू घरमा बोलाउनुहोस्, आफ्नो घरको सम्पूर्ण सामग्री बचाउन सुरक्षित स्थानमा राख्नुहोस् । पशुचौपायालाई सुरक्षित स्थानमा सार्न तयार हुनुहोस् ।" फेरी सिट्ठी **(शिरररररररररररर.......... एक साससम्म मात्र) त्यसपछि माईकिङ...**

(गाउँटोलहरू टाढाटाढा भएमा यो क्रम हरेक टोलमा गर्ने, सकभर एकैपटक गर्ने र एक टोलमा ५ मिनेटसम्म गर्ने ।)

*यो खबर पश्चात् प्राथमिक उपचार, खोज तथा उद्धार लगायतका कार्यदलका सदस्यहरू पहिले जम्मा भई तयार हुन्छन् ।*

खोज तथा उद्धार कार्यदलले आफूहरूलाई आवश्यक पर्ने लाईफ ज्याकेट, डोरी, स्ट्रेचर र डुङ्गा समेत तयारी अवस्थामा राख्छन्, अपाङ्गता भएका व्यक्ति, सुत्केरी महिला, गर्भवती, बृद्धबृद्धाहरूको नामावली भएको सूचि आदि तयारी गर्दछन् । अन्य कार्यदलहरूले पनि आफ्नो जिम्मेवारीको कामको तयारी गर्दछन् । वसन्तले सुरक्षा निकाय आदिलाई पनि अवस्थाको जानकारी गराउँछन् ।

*(वसन्त चौधरीले गेजरिडरलाई फेरि फोन गर्दछन् । उनले यति बेला बाढीको तह १० मि. पुगेको जानकारी पाउँछन् । बाढी बढ्दै रहेको समेत जानकारी पाउँछन् । १० मिटर, यो समुदायका लागि चेतावनी स्तर हो । वसन्तले विपद् व्यवस्थापन समितिका अध्यक्षलाई गेजस्टेसनमा बाढी १० मि. भएको जानकारी गर्दछन् र सुन्दरराम थापालाई साईरन बजाउन निर्देशन गर्छन)*

**वसन्त :** सुन्दरराम जी, बाढी अहिले १० मि. पुगिसकेको छ तुरुन्त चेतावनीको साईरन बजाउनुहोस् ।

**सुन्दरराम थापा** (पूर्वसूचना कार्यदल सदस्य, साईरन प्रयोगकर्ता यिनलाई गाउँलेहरू साईरन थापा पनि भन्दछन्) : हुन्छ, हुन्छ ।

**(साईरन बज्न शुरु गर्दछ हुइइइइइ**.................................)

## समुदायलाई दोश्रो (पूर्ण तयार हुने) खबर

*सुन्दररामले यो साईरन लगातार एक मिनेट पूरा आवाजमा बजाउँछन् र एक मिनेट रोक्छन् । त्यस पछि फेरी लगातार एक मिनेट बजाउँछन् र रोक्छन् । (जम्मा समय ३ मिनेट) ।*

*साईरनको दोस्रो आवाज सकिने बित्तिकै काशीराम शर्माले (हातेमाईकबाट खबर गर्ने पूर्वसूचना कार्यदलका सदस्य) हातेमाईक मार्फत समुदायमा सूचना दिन शुरु गर्दछन् । पूर्वसूचना कार्यदलका अरु सदस्यहरू पहेंलो झण्डा लिई घर दैलो, टोलमा*

*जान्छन् र खबर गर्छन् । बाढीको अवस्था बताउन र समुदायमा भैरहेको गतिविधिको जानकारी प्राप्त गर्न प्रेमलाई जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, नेपाल रेडक्रस सोसाईटीका सदस्य तथा ईलाका प्रशासन कार्यालयका कर्मचारीहरूको फोन आउँछ । उनले फोनमा सटिक (छोटो) रुपमा सबै जानकारी गराउँछन् । वसन्तले तल्लो समुदायमा रहेका पूर्वसूचना कार्यदलका संयोजकलाई फोन गरि जानकारी पनि गराउँछन् ।*

**काशीराम :** "गाउँलेहरू, मेरो कुरा ध्यानले सुन्नुहोला । चिसापानीमा बाढी १० मि. भएको छ । भर्खर चेतावनीको साईरन बजाईसकेको छ । सबै जनाले आ-आफ्नो सामान सुरक्षित ठाउँमा लैजान ठिक पारिहाल्नोस् । सुख्खा खानेकुरा, सफा पानीका बोत्तलहरू, आफ्ना कपडाहरू पनि ठीक पारी राखौं । केही कुरा बुझ्न पर्ने भएमा नजिकको स्वयंसेवकसँग सोध्नुहोस् । परिवारका सदस्यहरू घर बाहिर बेखबर भएको भए तुरुन्त बोलाउनुहोस् । सबै तयारी अवस्थामा रहनुहोस् । कुनै पनि समयमा हामी सुरक्षित स्थलतर्फ जानुपर्ने हुनसक्छ ।"

**साईरन बज्ने वित्तिकै कार्यदलका सदस्यहरू घरघरमा गएर महत्वपूर्ण सामग्री तयारी पार्न सचेत गराउँछन् । खोज तथा उद्धार कार्यदलका सदस्यहरूले अरुको सहयोग चाहिने व्यक्तिहरूलाई मद्दत गर्न तयार हुन्छन् , आश्रयस्थल व्यवस्थापन कार्यदलका सदस्यहरू र प्राथमिक उपचार कार्यदलका सदस्यहरू पनि तयार हुन्छन् ।**

**हैदर अली (खोज तथा उद्धार कार्यदलका सदस्य):** ए मुखिया बा भर्खर बाढीको चेतावनीको साईरन बजेको र माईकले दिएको सूचना सुन्नु भो होला नी है ?

**मनविर राई (मुखिया बा-गाउँका बृद्ध मानिस) :** हो र ! ए मैले त पहिलेको सिट्ठी ख्याल गरेको थिईन, एक्कासी साईरन पो थाहा पाएको । तैपनि धने (नाति) ले थाहा पाएको रहेछ ।

**हैदरअली :** हो हो बुबा । अब तपाईको घरमा छोडेर जान मिल्ने सामान सुरक्षित गरि (माथिल्लो तलामा) राख्ने र लिएर जाने सामान ठिक पारेर राख्नुपर्ला । हजुर चाहिं बिस्तारै हिँड्दै गर्नुहोस् । अरु पनि कुनैपनि समयमा सुरक्षित स्थानमा जानुपर्ने हुनसक्छ । ल है धने भाई यस पछाडीका सूचनाहरू तथा साईरनको आवाज पनि सुन्दै गर्नुहोला । ए अनि बुबा तपाईंको घरमा आएका पाहुना छन् नि उनलाई पनि यस विषयमा बताउनु नि है ?

**मनविर राई :** हुन्छ बाबु म तुरुन्तै सबै तिमीले भने जस्तो गर्छु ।

*स्वयंसेवकहरूले पहेंलो झण्डा लिएर गाउँ गाउँमा घुम्छन् । श्रवण विहिनहरूका (कान नसुन्ने) लागि पनि झण्डा देखाउँदै सम्झाउँदै गर्दछन् ।*

*यसै बीचमा आपत्कालिन आश्रयस्थल व्यवस्थापन कार्यदलले सामुदायिक भवनमा महिला र पुरुष अलग अलग बस्ने क्षेत्र निर्धारण गर्दछन् । खोज तथा उद्धार कार्यदलका सदस्यहरू सबैभन्दा बढी जोखिम भएको स्थल तथा समूहको घरघरमा भाग्ने तयारी गर्न सघाइरहेका छन् ।*

*आश्रयस्थल व्यवस्थापन कार्यदलले केही मानिसलाई अन्यत्र लैजान पर्‍यो भने नजिकको सुन्दर नगरमा आवश्यक सहयोग माग्ने निश्कर्षमा पुग्छन् र प्रेमलाई जानकारी गराउँछन् ।*

**धन कुमारी राना (संयोजक-आश्रयस्थल व्यवस्थापन कार्यदल) :** सुन्दरनगरको समिति र रेडक्रसको उपशाखालाई आवश्यक परे सहयोग गर्न तयार हुन भन्नु पर्‍यो प्रेम जी । राती ४ जना बिरामी र १०-१५ जना बालबालिकाहरूलाई बास त्यता भयो भने बाँकी यहाँ अलि सहज हुन्छ ।

**प्रेम :** हेलो हरि महतो जी (सुन्दरनगरको समिति अध्यक्ष) बोल्नु भएको ? म प्रेम नगरको विपद् व्यवस्थापन समितिको अध्यक्ष बोलिरहेको छु। अहिले बाढी चेतावनी स्तरपार गरेकोले हामी सबै सुरक्षित ठाउँमा जाने तयारी गरिरहेका छौं। हामीलाई कुनै पनि समयमा त्यहाँको सहयोगको आश्यकता पर्नसक्दछ। तयार भैदिनु होला भनेर फोन गरेको। रेडक्रसका हितराम सावदलाई पनि खबर गरिदिनु पर्‍यो है त।

केही बेरमा हितराम सावदले प्रेमलाई फोन गरि सुन्दरनगरका समुदाय र त्यहाँको रेडक्रस उपशाखा सहयोगका लागि तयार रहेको जानकारी गराउँदछन् आवश्यक परेमा २० जना जतिलाई बास र खानाको व्यवस्था गर्न सकिने भनेर जानकारी गर्छन्।

**जीतेन्द्र थापा (संयोजक-खोज तथा उद्धार कार्यदल) :** खटिएका सबै कार्यदलका सदस्यहरूको रिपोर्ट अनुसार सबै समुदाय आवश्यक परेमा सुरक्षित स्थानमा जान तयार भएका छन्।

**धनकुमारी राना :** आश्रयस्थल पनि तयार भयो र थप आवश्यक परेमा सुन्दर नगरमा भनिसकेको छु।

**शान्ति शर्मा (संयोजक-प्राथमिक उपचार कार्यदल) :** हामी पनि तयारी अवस्थामा छौं।
(समितिका पदाधिकारीहरू र सबैजसो कार्यदलका संयोजकहरू चोकमा छन्। ५ मिनेट आपसमा कुराकानी हुन्छ। यसै बीचमा प्रहरी चौकिबाट इन्चार्जले प्रेमलाई फोन गरि उनीहरूलाई सघाउन प्रहरी टोली परिचालन हुन तयार भएको जानकारी गराउँछन्। समुदायको अवस्था बुझ्न वसन्तलाई नगरपालिकाका कर्मचारी तथा समितिकी सचिव सरीता पोखरेललाई एफएम रेडियोबाट फोन आउँछ।)



लौटन थारु (स्वयंसेवक) ले आफ्नो मोवाइलमा "नेपाल बाढी पूर्वसूचना" नामको एप्लिकेशन चलाईरहेका छन् । यसमा नदिको बाढी ११ मिटर (यो समुदायको लागि खतराको स्तर) पुगेको देखियो । वसन्तको फोनमा एसएमएस आयो, यसमा पनि बाढीकै जानकारी छ ।

**वसन्त :** लौ खतराको स्तरमा पुग्यो, तैपनि एक पटक पार्वती दिदीलाई नै सोधुँ ।

**उपस्थित सबै :** हो हो, सोध्नुस् ।
वसन्तले पार्वतीलाई फोन लगाए तर पार्वतीको फोन व्यस्त छ । यसपछि वसन्तले गेजस्टेशनका अर्का कर्मचारी रामजी टमाटालाई फोन गरे ।

**वसन्तलाई आएको फोनको जवाफ :** ११ मिटर पुग्यो, अझ बढ्दैछ ।

**वसन्त :** हो, अब खतराको स्तरमा गैसक्यो । छिट्टै सुरक्षित ठाउँमा सर्नुपर्‍यो ।

**प्रेम :** ल सबै आफ्नो जिम्मेवारी सम्हालौं ।

**उपस्थित सबै :** हो हो, लागौं ।

## समुदायलाई तेश्रो (सुरक्षित स्थान, आश्रयस्थलमा जाने ) खबर

**सुन्दरराम थापाले** खतराको जनाउ दिने साईरन बजाउन शुरु गर्दछन् । तेस्रो खबर (**खतरा स्तरको सूचना**) प्राप्त हुने वित्तिकै बजाउने यसपटकको साईरन उनले पुरा आवाजमा लगातार दुई मिनेटसम्म बजाए र आधा मिनेट रोके र फेरि लगातार दुई मिनेटसम्म बजाए र आधा मिनेट रोके, यसै गरि दोहोर्‍याउँदै दश मिनेट सम्म (अर्थात् चारपटक) बजाए ।

**यो साईरन बज्नासाथ खोज तथा उद्धार, आश्रयस्थल (शिविर) व्यवस्थापन, प्राथमिक उपचार जस्ता कार्यदलहरू उद्धारमा र आ-आफ्ना जिम्मेवारी कार्यान्वयन गर्न सरिक हुन्छन् ।**

उद्धारमा खटिएका कार्यदलका सदस्यहरूले उद्धारका उपकरण, साधन प्रयोग गरि अपाङ्गता भएका व्यक्तिहरू, बृद्ध-बृद्धा, सुत्केरी महिला, बालवबालिका लगायतका अरुको सहयोग चाहिने व्यक्तिहरूलाई सुरक्षित स्थलमा लैजाँदै छन् । पूर्वसूचना कार्यदलका सदस्य र स्वयंसेवकहरुले टोलटोलमा माईकिङ गरि, घरदैलो भ्रमण गरि समुदायका सबैलाई सुरक्षित आश्रयस्थलमा जान अनुरोध गरिरहेका छन् । घरदैलोमा भ्रमण गर्ने स्वयंसेवकहरूका हातमा अहिले रातो रङ्गका झण्डा छन् । स्वयंसेवकहरूले माईकबाट, घरदैलो गरि अब के गर्ने, के नगर्ने जानकारी दिएका देखिन्छन् । स्वयंसेवकहरूले चोक, चौराहमा उभिएर समुदायलाई सुरक्षित ठाउँ (आश्रय भवन) तर्फ जाने बाटोहरू ईशारा गरिरहका छन् । केही स्वयंसेवकहरू हतार–हतार भागिरहेका समुदायलाई नआत्तिन र व्यवस्थित भई शान्तिपूर्वक सुरक्षित स्थलतर्फ जान सहयोग तथा निर्देश गर्दैछन् ।

समुदायले एकआपसमा पनि सहयोग गरेको देखिन्छ । जस्तो प्रेम, वसन्त, सुन्दरराम, सरीता, जीतेन्द्र, धनकुमारी र शान्तिका सामानहरू, बाखा, कुखुरा, भाँडावर्तन सार्न छिमेकीहरूले सघाईरहेका छन् । प्रेम र सरीताले सबैभन्दा जोखिममा रहेका घर, व्यक्ति तथा समुदायसम्म सूचना पुगेको र उनीहरू सुरक्षित स्थानमा गएको सुनिश्चित गर्दैछन् । अनुगमन टोलीका सदस्यहरूले पनि समुदायका सबै सदस्यहरू सुरक्षित स्थलमा पुगेको र उद्धार भएको यकिन गर्दैछन् । वसन्तले अवस्थाका बारेमा आफूभन्दा तल्लो तटमा रहेका समुदायलाई पनि जानकारी गराए । उनले भारतको गिरिजापुर ब्यारेज नजिकैको गाउँमा रहेका आफ्ना साथी कमल त्रिपाठीलाई एसएमएस पठाए ।

पौडन सक्ने ४-५ जना युवाहरू लाईफ ज्याकेट, रवरट्यूव र डुङ्गा लिएर गाउँमै बसेका छन् भने  बाँकि सबै आश्रयस्थल तर्फ लागेका छन् । रेडक्रस उपशाखाका हितराम सावद पनि आश्रयस्थलमा आइपुगेका छन् । समुदायका मानिसहरू आकस्मिक आश्रयस्थलमा पुगेपछि सबै जम्मा भए नभएको निर्क्योल गर्न धनकुमारीले हाजिरी गर्न लगाइन् र सबै सुरक्षित उद्धार भएको यकिन गरिन् । अत्तालिएकाहरूलाई स्वयंसेवकहरूले मनोपरामर्श गरिरहेका छन् । पूर्वसूचना कार्यदलका संयोजकले बाढीको अवस्था थाहा पाईराख्न बाढीमापन केन्द्रका गेज रिडरसँग फोन सम्पर्क गरिरहेका छन् ।

**(केहि समय पछि...)**

**नदिमा बाढीको तह घट्दै गएको खबर आयो, पहाडतिर वर्षा त पहिले नै रोकिएको थियो ।**

(प्रेम विकले हातेमाईक लिएर, "गाउँले दाजुभाई दिदीबहिनीहरू, एकछिन मलाई सुन्नुहोस् । अब बाढी बिस्तारै घट्दै गएको खबर आएको छ र अहिले चेतावनी स्तरभन्दा कम भइसक्यो । तसर्थ अब शान्तपूर्वक हामी सबै आ-आफ्नो घर फर्कौं । बाढी आएको समयमा हामीहरूले यसरी नै यिनै उपायहरू अपनाउनु पर्छ । आजको कृत्रिम घटना अभ्यासमा सकृय सहयोग र सहभागिताका लागि सबैलाई बधाई र धन्यवाद दिन्छु ।"

(सम्बन्धित कार्यदलका सदस्यहरू र स्वयंसेवकहरूले समुदायलाई शान्तिपूर्वक आफ्नो सामग्री सहित घर फर्कन सघाई रहेका छन्, अरुको सहयोग चाहिनेलाई स्वयंसेवकहरूले मद्दत गरिरहेका छन् ।)



ZURICH®

प्राक्टिकल एक्शन एक अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था हो । यो संस्था "सानो नै सुन्दर हुन्छ" भन्ने विश्व प्रसिद्ध पुस्तकका लेखक इएफ सुमाकरद्वारा सन् १९६६ मा स्थापनाभएको हो । संयुक्त अधिराज्य बेलायतमा प्रधानकार्यालय रहेको यो संस्था विभिन्न प्रकारको सस्तो, सुलभ र ठाउँ सुहाउँदो प्रविधिहरूको विकास तथा हस्तान्तरण गरी विकासोन्मुख मुलुकका गरीब जनताको जीवनस्तर सुधार्न कटिबद्ध छ । यसले कमआय भएका ग्रामीण जनसमुदायको आर्थिक स्थितिमा सुधार ल्याई जीविकोपार्जनमा मद्दत पुऱ्याउने काम गर्दै आइरहेको छ ।

प्राक्टिकल एक्शनले नेपालमा सन् १९७९ देखि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । शुरुका करिब दुइ दशकसम्म लघु जलविद्युत् प्रविधिको विकास र विस्तारमा काम गरेको यस संस्थाले सन् १९९८ देखि आफ्नो कार्यक्षेत्र विस्तार गरि विभिन्न नविकरणीय ऊर्जा प्रविधिका साथै कृषिप्रशोधन, यातायात प्रविधि तथा प्रकोप नियन्त्रण लगायतका क्षेत्रमा काम शुरु गरेको छ । हाल प्राक्टिकल एक्शनले सन् २०१२ देखि २०१७ सम्मको पाँचवर्षे रणनीतिमा विशेषगरि चार क्षेत्रमा कामगर्ने लक्ष्य लिएको छ :

१) गरिब समुदायको उर्जामा पहुँच – सन् २०३० सम्म उर्जामा सबैको पहुँच ।
२) कृषि, खाद्य सुरक्षा र बजार – गरिब समुदायको खाद्य सुरक्षा सुनिश्चित गर्नका लागि कृषि प्रणाली तथा प्राकृतिक सम्पदाको दीगो रुपमा व्यवस्थापन ।
३) सहरी फोहोर व्यवस्थापन, खानेपानी तथा सरसफाई – सुरक्षित खानेपानी, सरसफाई तथा फोहोर व्यवस्थापनमा पहुँच ।
४) विपद् जोखिम न्यूनीकरण – गरिब तथा सिमान्तकृत समुदायको विपद् जोखिम न्यूनीकरण ।

त्यसैगरि जलवायु परिवर्तन र गरिब समुदायका लागि बजारलाई माथि दिईएका क्षेत्रहरूमा एकीकृत गर्दै लैजाने लक्ष्य रणनीतिले लिएको छ ।

ISBN 993787208-1

**प्राक्टिकल एक्शन**
नारायण गोपाल सडक, पानीपोखरी
महाराजगञ्ज, काठमाडौं
**फोन :** ९७७ १ ४४२३६३९/४४२३६४०
**फ्याक्स :** ९७७ १ ४४२३६३२
**ईमेल :** info@practicalaction.org.np
**वेभ :** www.practicalaction.org

PRACTICAL ACTION
Technology challenging poverty